ISSN: 2961-1989

Academia Research Journal (ARJ)

A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL

Volume: 5 Issue: 1 Year: 2026

# प्रह्लाद नाटकमा वैदिक दर्शनको विश्लेषणात्मक अध्ययन

गिरिराज पौडेल[1*]

Giriraj Paudel[1*]

DOI: https://doi.org/103126/academia.v5i1.89193

[1*]Assistant Proessor, Department of Nepali, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj ORCID: https://orcid.org/0009-0007-1551-461X

[*]Corresponding Author. Email: giriraj.paudel@mahemc.tu.edu.np

Article History: Received: July. 25, 2025 Revised: Sept. 21, 2025 Received: December 12, 2025

**लेखसार**

प्रह्लाद नाटक, उराँव जातिको एक महत्वपूर्ण धार्मिक नाट्य कृति हो, जसमा वैदिक दर्शनका विविध पक्षहरू जस्तै धर्म, सत्य, भक्ति, आत्मज्ञान र ब्रह्मभावना कलात्मक रूपमा व्यक्त भएका छन् । यस लेखमा 'प्रह्लाद नाटक' भित्र निहित वैदिक मूल्यहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ । प्रह्लाद पात्रमार्फत उपनिषद् र भगवद्गीता जस्ता वैदिक ग्रन्थहरूमा प्रतिपादित भक्ति योग, आत्म-बोध, गुरु-शिष्य परम्परा र धर्म-अधर्मबीचको द्वन्द्व स्पष्ट रूपमा उजागर हुन्छ। नाटकका संवाद, पात्र र घटनाहरू विश्लेषण गर्दा वैदिक चिन्तन नाट्य भाषामा कसरी जीवन्त गरिएको छ भन्ने कुरा प्रस्ट हुन्छ । साथै, नाटकमा देखिएको प्रह्लादको आन्तरिक विवेक, ईश्वरप्रेम र आत्मसमर्पणको भावनाले वैदिक दर्शनको व्यावहारिक पक्षलाई मूर्त रूप दिएको देखिन्छ । यस अध्ययनले लोकनाट्यको माध्यमबाट शास्त्रीय विचार कसरी जनस्तरसम्म पुग्छ भन्ने पक्षमा समेत चर्चा गरेको छ ।

*मुख्य शब्दहरू :* ब्रह्माण्डीय नियम, ऋत, प्रह्लाद नाटक, अद्वैतवाद, वैदिक दर्शन, भक्ति, आत्मज्ञान, गुरु-शिष्य परम्परा, धर्म

## परिचय

नेपाली साहित्यमा धार्मिक र दार्शनिक मूल्यमान्यतालाई सशक्त रूपमा अभिव्यक्त गर्ने साधनका रूपमा नाटकले विशेष स्थान पाएको छ । धार्मिक आख्यानलाई नाट्यकृतिको रूपमा प्रस्तुत गरेर समाजमा धार्मिक चेतना फैलाउने र नैतिक शिक्षा दिने प्रयत्न प्राचीनकालदेखि चलिआएको छ । यस सन्दर्भमा नेपालको नाट्य परम्परा अत्यन्तै उर्वर र समृद्ध क्षेत्र हो, जसमा ऐतिहासिक, सामाजिक, धार्मिक, सांस्कृतिक, र आध्यात्मिक विषयहरूको गहिरो प्रभावमा रहेर नाटक लेखिएको पाइन्छ। धार्मिक, सांस्कृतिक, र आध्यात्मिक जस्ता नाटकहरूमा प्रह्लाद नाटक एक महत्वपूर्ण स्थानमा रहेको छ । यसले वैदिक धर्म, दर्शन, र नैतिकताको मूर्धन्य सन्देश दिन्छ । वैदिक दर्शनको आधारभूत तत्वहरूमध्ये धर्म, कर्म, मोक्ष, सत्य, अहिंसा, भक्तिको मर्मलाई यस नाटकले उजागर गरेको पाइन्छ । यस्ता नाटकहरु मध्ये प्रह्लाद नाटक एक हो । हिन्दु धर्ममा विषेश परिचित प्रह्लाद नाटकको कथा एक धार्मिक प्रसंगमा मात्र होइन वेदान्त दर्शन, भक्ति योग र धर्म अधर्मको संघर्षको जीवन्त उदाहरण हो यो । पूर्वीय दर्शनमा आत्मा, ब्रह्मा र मोक्षको अवधारण विस्तारमा व्यक्त गर्ने क्रममा राधाकृष्ण र मौरेहरुले (सन्.१९९५) *वैदिक दर्शनको मूल उद्देश्य मोक्ष प्राप्ति हो, जुन ज्ञान,कर्म र भक्ति मार्गद्वारा मात्र सम्भव हुन्छ* भनेका छन् । प्रह्लाद नाटक नेपाली नाट्य परम्परामा वैदिक मूल्यमान्यताको प्रचारकको महत्वपूर्ण उदाहरण हो (शर्मा, १९९९) । यो अनुसन्धानात्मक लेखमा प्रह्लाद नाटकमा समावेश वैदिक दर्शनका विविध पक्षहरुको विश्लेषण गरिनेछ । दर्शनशास्त्रको सिद्धान्त र नाटकको भावात्मक पक्षलाई एकसाथ विश्लेषण गर्दै यसको शैक्षिक र सांस्कृतिक महत्व पनि स्पष्ट पारिनेछ ।

### अनुसन्धानको उद्देश्यहरू

यस अनुसन्धानको मूल उद्देश्य प्रह्लाद नाटकमा प्रयोग भएका वैदिक दर्शनको विश्लेषण गर्नुहो । तर पनि यसले निम्नानुसारका उद्देश्यहरुलाई प्रस्तुत गर्दछ ।

१ नाटकमा वेदान्त दर्शन, भक्तियोग र कर्म सिद्धान्तको प्रस्तुतिको अध्ययन गर्नु,
२ प्रल्लादको चारित्रद्वारा प्रतिबिम्बित धार्मिक मूल्य मान्यताको पहिचान गर्नु,

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

३ नाटकले दर्शक वा पाठकहरुमा उत्पन्न गर्ने नैतिक प्रभावको विश्लेषण गर्नु,
४ धार्मिक आख्यानलाई नाटकका रूपमा प्रस्तुत गर्दा दर्शन कसरी प्रभावकारी रुपमा प्रकट हुन्छ भन्ने मूल्याङ्कन गर्नु ।

## अध्ययन विधि

यस अनुसन्धानमा गुणात्मक अध्ययन विधि अपनाइएको छ । अध्ययनको प्रमुख उद्देश्य प्रह्लाद नाटकमा प्रतिबिम्बित वैदिक दर्शनको विश्लेषण गर्नु हो । त्यसैले अनुसन्धानमा समालोचनात्मक विधि प्रयोग गरिएको छ । यसका लागि प्रह्लाद नाटकको मूल पाठलाई प्रमुख सामग्रीको रूपमा ग्रहण गरिएको छ । साथै, वैदिक दर्शनका आधारभूत ग्रन्थहरू जस्तै वेद, उपनिषद्, भगवद्गीता तथा विभिन्न दर्शनीय ग्रन्थहरूबाट वैदिक दर्शनको सन्दर्भ लिइएको छ त्यसैगरी सहायक स्रोतका रूपमा प्रह्लाद नाटकलाई व्याख्या गरिएका ग्रन्थ, समालोचनात्मक लेख, अनुसन्धानात्मक लेखहरू, तथा वैदिक चिन्तनमाथिका विद्वानहरूका विचारहरूलाई समेत सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ । नाटकमा प्रयोग भएका पात्र, संवाद, प्रतीक र घटनाहरूको विश्लेषण मार्फत वैदिक मूल्य, धर्म, सत्य, अहिंसा, भक्तिको अवधारणा, कर्म र पुनर्जन्मजस्ता दार्शनिक विषयहरूलाई पहिचान गरिई तिनीहरूको व्याख्या गरिएको छ । यस अध्ययनमा प्राथमिक रूपमा पाठ केन्द्रित विश्लेषण गरिएको छ, जसमा पाठभित्रको अर्थ र दर्शनलाई प्रकट गर्ने प्रयास गरिएको छ । साथै, सन्दर्भ विश्लेषणको माध्यमबाट नाटकको सांस्कृतिक, धार्मिक र दार्शनिक पृष्ठभूमिसँग तुलना गर्दै वैदिक दर्शनको प्रभावको व्याख्या गरिएको छ ।

## नाटकको पृष्ठभूमि

नाटककार बालकृष्ण समका लोकप्रिय नाटकमध्ये प्रह्लाद पनि एक हो । वि.सं. १९९५ सालमा प्रकाशित भएको यो नाटक श्रीमद्भागवत महापुराणको सातौँ स्कन्धमा वर्णित भक्त प्रह्लादको कथामा आधारित छ । यसले 'ज्ञान विज्ञानको हात जोड्नु पर्दछ कर्ममा' भन्ने समन्वयवादी दर्शनलाई अगाडि बढाएको पाइन्छ । पाँच अङ्क र सोह्र दृश्यमा लेखिएको यस नाटकको प्रथम अङ्कमा तीन, द्वितीय अङ्कमा तीन, तृतीय अङ्कमा चार र चतुर्थ तथा पञ्चम अङ्कमा तीन, तीन दृश्य रहेका छन् । यसमा हिरण्यकशिपुको छोरा प्रह्लादलाई अध्यात्मका पक्षमा र हिरण्यकशिपुलाई विज्ञानका पक्षमा उभ्याएर उनीहरूका तर्कमार्फत आध्यात्मिक र भौतिकवादी विचारबिच द्वन्द्व प्रस्तुत गरिएको पाइन्छ । नाटकमा हिन्दू धर्मको पौराणिक पात्र प्रह्लादको जीवन र उनको आस्थामा आधारित छ । प्रह्लाद, जो दैत्यराज हिरण्यकश्यपको पुत्र हुन् जुन विष्णुभक्त थिए । आफ्नै पिताको विरोधमा उभिएर उनले सत्य, धर्म र विश्वासको मार्ग समाते । नाटकको मूल उद्देश्य धार्मिक शिक्षा, सदाचार, र भक्ति मार्गप्रति श्रद्धा जगाउनु हो । यसरी वैचारिक दृष्टिले यो नाटक निकै महत्त्वपूर्ण छ । नाटकको प्रस्तुति मूलतः भक्तिकाव्य परम्परामा आधारित देखिन्छ । यसले भक्त प्रह्लादको साहस, विश्वास र धैर्यलाई प्रदर्शन गर्छ। नाट्यशिल्पको दृष्टिले यसमा संवाद, गीत, दृश्य संरचना, चरित्र चित्रण आदि विशेष छन्, जसले दर्शकलाई भावनात्मक रूपमा प्रभावित पार्छ ।

## वैदिक दर्शनको शैद्धान्तिक पक्ष

वैदिक दर्शन हिन्दू धर्मको मूल आध्यात्मिक आधार हो । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदमा आधारित यस दर्शनमा विभिन्न दृष्टिकोणहरू पाइन्छन् जसले आत्मा, ब्रह्म, कर्म, पुनर्जन्म, मोक्ष आदि विषयको व्याख्या गर्छ । वैदिक साहित्य अनुसार मानव जीवनको चार उद्देश्य (पुरुषार्थ) धर्म, अर्थ, काम र मोक्ष हुन् । उपनिषद्हरूमा आत्मबोध र ब्रह्मसँगको ऐक्य भाव प्रमुख छन् । वैदिक दर्शनमा रहेका षड्दर्शनहरू– न्याय, वैशेषिक, सांख्य, योग, पूर्वमीमांसा र वेदान्त प्रत्येकले जीवन र त्यसको अस्तित्वको भिन्न कोणबाट व्याख्या गर्छन् । प्रह्लाद नाटकमा विशेषतः वेदान्त दर्शन र भक्तियोगको प्रभाव प्रकट हुन्छ ।

वैदिक दर्शन भन्नाले हिन्दू धर्ममा प्रचलित 'षड्दर्शन' जस्तै न्याय, वैशेषिक, सांख्य, योग, पूर्वमीमांसा, र वेदान्तलाई जनाउँछ । यी सबै दर्शनको मुख्य उद्देश्य ज्ञान प्राप्तिको मार्ग सुझाउँनु हो । तर यस नाटकमा विशेष गरी 'वेदान्त' र 'भक्तियोग' दृष्टिकोण प्रमुख देखिन्छ । वेदान्त दर्शन ब्रह्म र आत्माको एकतालाई आत्मसात् गर्छ । ब्रह्म नै सबै जगतको परम सत्य हो भन्ने अवधारणा नै यसको मूल धारणा हो । भक्तियोग, विशेषतः भगवद्गीताबाट प्रभावित, परमात्मासँगको सम्बन्धलाई श्रद्धा, समर्पण र प्रेमद्वारा समर्पण गरिन्छ भन्नेमा विश्वास गर्छ । 'प्रह्लाद नाटक'ले यिनै दर्शनलाई कलात्मक ढङ्गले प्रस्तुत गरेको छ । वैदिक दर्शन पूर्वीय संस्कृत भाषाका प्राचीन ग्रन्थहरू वेदहरू मा आधारित दर्शनशास्त्रको प्रारम्भिक स्वरूप हो । "वैदिक" शब्दको मूल अर्थ "ज्ञान" हो र यो संस्कृतको विद् धातुमा इक प्रत्यय लागेर बनेको हो । र यस अन्तर्गत माथि भने झैं ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद समावेश छन् । स्वामी विवेकानन्दले वेदलाई "मानव जातिको प्राचीनतम तथा उच्चतम आध्यात्मिक ज्ञानको भण्डार" मानेका छन् । उनले वेदलाई केवल धार्मिक ग्रन्थ मात्र नभई सार्वभौमिक सत्यको खोजका रूपमा चित्रित गरेका छन् । "The Vedas are the oldest scriptures of the world and are not just religious books, but repositories of universal spiritual truths." (Vivekananda, 1958) . मानिसले आफ्नो अस्तित्वको आत्माको रुपमा वैदिक दर्शनलाई लिने गरेको पाइन्छ । यसै क्रममा सर जॉन वुड्रोफ भन्छन् "वैदिक दर्शन

ISSN: 2961-1989
JOL
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

कुनै अन्धविश्वास होइन, यो चेतनाको विज्ञान हो ।" उनले वेद र तन्त्रलाई एक आपसमा जोडेर जीवन र ब्रह्माण्डको गूढ सत्यलाई व्याख्या गरेका छन् । "Vedic philosophy is not superstition but a science of consciousness and existence." (Woodroffe, J.1919). । वैदिक दर्शनलाई सबै आवश्यकताको समाधानको रुपमा लिएको पाइन्छ । यसै क्रममा हिन्दी भाषाका ज्ञाता डा. सर्वपल्ली राधाकृष्णन भन्छन् "वैदिक दर्शन मानव आत्माको स्वतन्त्रता, ब्रह्मसँगको एकताको खोजी हो ।" उनले वेदांत दर्शनलाई विश्व दर्शनमाभ्र प्रतिस्पर्धी बनाएका छन् । "Vedic philosophy is a search for unity with Brahman and liberation of the soul." (Radhakrishnan, S.,1953) । वेदसँगै ब्राह्मण, आरण्यक र उपनिषद्हरू मिलेर वैदिक साहित्यलाई मूर्त रुप दिन्छन्, जसमा स्तुतिगान, यज्ञविधिको पनि गहिरो तात्विक चिन्तन समेटिएको छ । वैदिक दर्शनको गहिराइ उपनिषद्हरूमा भल्किन्छ, जहाँ ब्रह्म (परम सत्य) र आत्मा (व्यक्तिगत चेतना) को सम्बन्ध प्रमुख विषय बनेको पाइन्छ । यिनै अवधारणाहरूको विकसित रुप नै पछि दर्शनशास्त्रीय सम्प्रदायहरू जस्तै वेदान्त, सांख्य, योग आदिलाई आधार प्रदान गरेको पाइन्छ । वैदिक दर्शनलाई बुझ्न निम्न कुराहरु बुझ्न जरुरी हुन्छ ।

### ऋतको ब्रह्माण्डीय नियम

वैदिक दर्शनमा यो एक अत्यन्तै महत्वपूर्ण तत्व हो, जसले सम्पूर्ण सृष्टि र ब्रह्माण्डको स्थायित्व, क्रमबद्धता र नैतिक आधार निर्धारण गर्दछ । ऋत भन्नाले शश्वत तथा अपरीवर्तनीय नियम हो, जसमा ब्रह्माण्डको गति, स्वरुप र अस्तित्व बसेको हुन्छ । ऋत ब्रह्माण्डमा कार्यरत प्राकृतिक र नैतिक नियम हो । यसले "धर्म" को प्रारम्भिक स्वरूप जनाउँछ र मानिसको कर्म तथा विश्वव्यवस्थाबीचको समन्वयलाई दर्शाउँछ (राधाकृष्ण, १९४८) । यो कर्मको परिमाण, कालचक्र र प्राकृतिक घटनाक्रमहरु सबै नियमित तथा निश्चित हुन्छ । पृथ्वीमा सूर्यको उदय अस्त, ऋतुरुपि परिवर्तन र ग्रहकोहरुको गति आदिको क्रम जसरी नियमित हुन्छ ठीक त्यसरी नै यो ब्रह्माण्ड चलेको हुन्छ । त्यस्तै ब्रह्माण्डको सबै नैतिक अनुशासनका कुराहरु ऋतमा पर्दछन् । वेदमा त यहाँसम्म भनेको छ कि ऋतको सम्पूर्ण रेखदेख र संरक्षण देवताहरुबाट हुन्छ । यसरी सार्वभौमिक,नैतिक र प्राकृतिक नियमलाई नै ऋतको ब्रह्माण्डीय नियमको सिद्धान्त भन्ने बुभिन्छ । त्यसैगरी ऋतको नियमले सम्पूर्ण सृष्टिको सन्तुलन नियमितता तथा नैतिकतााई ध्यान पुऱ्याउँछ यदि यसको गलत प्रयोगले मानव संसारमा अधर्म अराजकता निम्त्याउने गर्छ ।

### कर्म र पुनर्जन्म

वैदिक दर्शन अनुसार कर्म र पुनर्जन्मको सिद्धान्त अत्यन्त गहन र मौलिक अवधारणा हो, जसले जीवन, मृत्यु र आत्माको निरन्तर चक्रलाई व्याख्या गर्छ । यसको आधार ऋग्वेद, उपनिषद् र पछि विकसित भएका दर्शनशास्त्रहरू मध्ये वेदान्त, सांख्य, र योगमा पाइन्छ । कर्म भन्ने शब्द संस्कृतको "कृ" (करिणे) धातुबाट आएको हो, जसको अर्थ हो "गर्नु"। वैदिक र उपनिषद् दर्शन अनुसार प्रत्येक कार्य (कर्म) का परिणाम हुन्छ । ती परिणाम यस जीवनमा वा अर्को जन्ममा अनुभूत हुन सक्छन् । कर्म तीन प्रकारका मानिन्छः सञ्चित कर्म, प्रारब्ध कर्म र क्रियमाण कर्म । सञ्चित कर्म भन्नाले विगतका जन्महरूमा गरेका कर्महरूको सञ्चित फल हो भने प्रारब्ध कर्म भन्नाले अहिलेको जन्ममा फल दिने संचित कर्महरूको अंश हो । त्यस्तै क्रियमाण कर्म भनेको अहिले गरिरहेका कर्महरू, जसले भविष्यमा फल दिनेगर्छन । बृहदारण्यक उपनिषद् मा "यथाकर्म यथाश्रुतं...।" भनिएको छः अर्थात्, मानिस आफ्नो कर्म अनुसार नै नयाँ शरीर प्राप्त गर्छ ।

पुनर्जन्म भन्नाले आत्माको एक शरीर त्यागी अर्को शरीरमा प्रवेश गर्नु हो । वैदिक दर्शन अनुसार आत्मा अमर र अजर हुन्छ *"न जायते म्रियते वा कदाचित"* (भगवद्गीता) । शरीर मरे पनि आत्मा मर्दैन, र उसले कर्मको आधारमा अर्को शरीर धारण गर्छ । यो चक्र तबसम्म चलिरहन्छ जबसम्म आत्माले मोक्ष प्राप्त गर्दैन । उपनिषदमा *"स यथा कर्मा यथा श्रुतं तं एष आत्मा पुनर्भवति।"* (छान्दोग्य उपनिषद) भनिएको छ । अर्थात्, आत्माले कर्म र ज्ञान अनुसार पुनर्जन्म प्राप्त गर्छ । वैदिक दर्शन अनुसार, मानिसको जीवन केवल एकपटकको अनुभव होइन । उसको आत्मा अमर छ, र कर्मका आधारमा निरन्तर पुनर्जन्म हुँदै जान्छ । राम्रो कर्मले शुभ जन्म र अन्ततः मोक्ष प्राप्त हुन्छ भने, खराब कर्मले दुःखद पुनर्जन्म ल्याउँछ । कर्मको सिद्धान्त अनुसार हरेक कार्यको फल हुन्छ र ती फलहरूले जीवनचक्र (संसार) मा प्रभाव पार्दछन् । ब्राह्मण ग्रन्थहरूमा यसको संकेत पाइन्छ भने उपनिषद्हरूमा यो विचार स्पष्ट रूपमा स्थापित हुन्छ (दासगुप्ता, सन् १९२२) ।

### आत्मा र ब्रह्म

"आत्मा" र "ब्रह्म" वैदिक दर्शनका केन्द्रीय अवधारणाहरू हुन् । यी दुई अवधारणालाई बुझ्नका लागि उपनिषद्, वेद, गीता र वेदान्त दर्शनमा आधारित समिक्षात्मक दृष्टिकोण आवश्यक हुन्छ । तल आत्मा र ब्रह्म सम्बन्धी केही विचारहरू प्रस्तुत गरिएको छ :

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

आत्मा भन्नाले जीवको वास्तविक, शुद्ध र अविनाशी अस्तित्वलाई जनाउँछ । यो शरीर, मन, बुद्धिभन्दा परको चेतन तत्व हो भने ब्रह्म अनन्त, निर्विकारी, सर्वव्यापी, अद्वितीय परम सत्ता हो । जसबाट सम्पूर्ण जगत उत्पन्न, पालन र लय हुन्छ । आदि शंकराचार्यको अद्वैत वेदान्तमा आत्मा नै ब्रह्म हो भन्ने दृष्टिकोण राखेको पाइन्छ । ***"अहं ब्रह्मास्मि"*** भन्ने उपनिषद् मन्त्रले आत्मा र ब्रह्म बीचको अद्वैत सम्बन्ध देखाउँछ । आत्मा परिवर्तनशील शरीरमा अवस्थित भए पनि स्वयं स्थिर हुन्छ । त्यस्तै एकेश्वरवाद, बहुदेववादका विचारमा हिन्दु धर्ममा ब्रह्म परम सत्य भए तापनि विभिन्न देवता पूजा प्रथा बहुदेववादतर्फ झुकेको देखिन्छ, जसले दार्शनिक र धार्मिक अभ्यासमा द्वन्द्व उत्पन्न गर्छ । आत्माको अस्तित्व वैज्ञानिक रूपमा प्रमाणित हुन नसके पनि चेतनाको अनुभवले यसको सम्भावना प्रकट गर्छ । आत्मालाई केही आधुनिक मनोवैज्ञानिकहरूले …conscious selfÚ को रूपमा हेरेका छन् । तर वेदमा भने आत्मा शरीरभन्दा परको अस्तित्व हो । हिन्दु धर्ममा आत्मालाई मोक्ष प्राप्त गर्ने तत्वका रुपमा मानिन्छ, अनि बौद्ध धर्मले पनि आत्माको अस्तित्व अस्वीकार गर्दछ । त्यस्तै छान्दोग्य उपनिषद्, माण्डूक्य उपनिषद् आदिमा ब्रह्मको व्यापक व्याख्या पाइन्छ । *"सर्वं खल्विदं ब्रह्म"* अर्थात् सबै ब्रह्म नै हो भन्ने उद्घोषले ब्रह्मको सर्वव्यापकतालाई देखाउँछ । वैज्ञानिकहरुले ब्रह्मलाई वैज्ञानिक रूपमा व्याख्या गर्न कठिन छ भनेको पाइन्छ । केही वैज्ञानिकहरूले ब्रह्मको अवधारणालाई …Universal ConsciousnessÚ jf …Unified FieldÚ सँग तुलना गरेका छन् । ब्रह्मको अनुभव योग र ध्यानमार्फत हुने भनिए तापनि, आम मानिसको लागि यो दार्शनिक अवधारणा मात्रै बनेको देखिन्छ ।

अद्वैतवादी शंकराचार्यले आत्मा र ब्रह्म बीच कुनै भिन्नता छैन । ब्रह्म सच्चिदानन्दस्वरूप हो र आत्मा त्यसैको प्रतिबिम्ब हो । आत्मा-ब्रह्म ऐक्य भएको अनुभव नै मोक्ष हो भन्ने विचार व्यक्त गरेका छन् । त्यसैगरी द्वैतवादी माध्वाचार्यले भने आत्मा र ब्रह्म सधैं पृथक हुन्छन् । आत्मा सानो र निर्भरशील हुन्छ तर ब्रह्म स्वतन्त्र, परम सत्तासिन हुन्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । उपनिषद्हरूमा आत्मा र ब्रह्म दुवैको अद्वैत सम्बन्ध स्पष्ट रूपमा देखिन्छ । "तत् त्वम् असि" ("तँ ब्रह्म नै हौ") जस्ता वाक्यांशहरू यस सम्बन्धको आधार हुन् । यिनै विचारहरूमा वेदान्त दर्शनको आधार राखिएको छ (हिरियान्ना, १९४९) ।

आत्मा र ब्रह्म सम्बन्धी विचारहरू वैदिक दर्शनको मेरुदण्ड हुन् । यी विषयहरू केवल दर्शनका लागि मात्र नभई आध्यात्मिक अनुभूति, नैतिकता र जीवन दृष्टिकोणका लागि पनि अत्यन्त महत्वपूर्ण छन् । यद्यपि तिनको व्याख्या समय, परिप्रेक्ष्य र सम्प्रदाय अनुसार फरक-फरक भएकोछ । समग्रतामा आत्मा र ब्रह्मको ज्ञान मानव चेतनाको पराकाष्ठा हो भन्ने मानिन्छ ।

### मोक्ष

मोक्ष भनेको पुनर्जन्मको चक्रबाट छुटकारा हो । जीवनको आरम्भमा वैदिक कालीन व्यवहारबाट प्रभावित भएर धर्मको ज्ञानबाट पृथक हुने र आत्मज्ञानद्वारा प्राप्त हुने गहिरो र अन्तिम लक्ष्य नै मोक्ष हो । यसका सम्बन्धमा उपनिषद्मा *ब्रह्मविद् बैह्मैव भवति* भनेको पाइन्छ । अर्थात् ब्रह्मलाई जान्ने नै ब्रह्म हुन्छ । आत्मा र प्रकृति विच भिन्नता हुनु नै मोक्ष हो (सांख्य दर्शन) । त्यस्तै *कर्मजं बुद्धियुक्ता हि फल त्यक्त्वा मनीषिणः, जन्मबन्धुविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम्* (भगवद्गीता, २.५१) अर्थात् बुद्धिमान कर्मयोगीहरु कर्मको फल त्याग गरी जन्म र मृत्युको चक्रबाट मुक्त हुनु नै मोक्ष प्राप्त हो ।

## प्रह्लाद नाटकमा वैदिक दर्शन

नाटककार बालकृष्ण समको प्रह्लाद नाटक नेपाली नाट्यपरम्पराको एउटा महत्वपूर्ण कृति हो । जसमा वैदिक धर्म, दर्शन र सांस्कृतिक मूल्यको गहिरो प्रभाव देखिन्छ । नाटकको मूल कथा श्रीमद्भागवत महापुराण तथा अन्य पौराणिक ग्रन्थहरु द्वारा प्ररित भएर वैदिक पक्षहरुलाई समावेश गरिएको छ । यसमा एकेश्वरवाद, सत्कर्म, भक्तिमार्ग र धार्मिक कर्तव्यको अनुसरण आदि मुख्य विषय बनाएको पाइन्छ । यसले पौराणिक कथालाई मात्र नाट्यरूप दिएको छैन नाटकका माध्यमबाट वैदिक संस्कृति र मूल्यहरूको संरक्षण तथा प्रचार पनि गरेको छ । प्रह्लाद नाटकले नेपाली साहित्यमा वैदिक दर्शनको जीवन्त प्रस्तुति गरेको छ । दर्शक र पाठकलाई सत्य, धर्म, भक्ति र मोक्षजस्ता विषयहरूमा सोच्न प्रेरित गर्छ । प्रह्लादको भक्ति र हिरण्यकशिपुको अहंकारबीचको द्वन्द्वले वैदिक मूल्यको शक्ति र महत्त्वलाई उजागर गरेकोछ । यसकारण, प्रह्लाद नाटक वैदिक दर्शन अध्ययनका लागि एक उपयोगी स्रोत मात्र नभएर वैदिक पक्षको दृष्टिकोणले अत्यन्त संमृद्ध र सशक्त कृति बन्न पुगेको छ । यसमा प्रयोग भएका केही महत्वपूर्ण वैदिक दर्शनलाई विभिन्न शीर्षकमा समेट्न सकिन्छ ।

### एकेश्वरवाद

वैदिक दर्शन अनुसार ईश्वर अद्वितीय छ, सर्वव्यापक छ र सर्वशक्तिमान छ भन्ने धारणाबाट प्रभावित हुनुलाई नै एकेश्वरवाद भनिन्छ । प्रह्लादले आफ्ना पिता हिरण्यकश्यपको अत्याचार सहँदै सदैव निरन्तर भगवान विष्णुको भक्ति गर्नु र पटक पटक

ईश्वर एक हुनुहुन्छ र उहाँ सर्बत्र हुनुहुन्छ भन्नुमा नै एकेश्वरवाद देखिन्छ। *सर्वत्र व्यापी, सर्वशक्तिमान् नारायण नै मेरा आराध्य हुन् । पिताजीको आज्ञा भए तापनि, सत्य एकेश्वरप्रति मेरो निष्ठा हट्न सक्दैन* ( प्रह्लाद नाटक) । त्यसैगरी हिरण्यकश्यपले प्रहलादलाई सोध्ने क्रममा कहाँ छन् तेरो ईश्वर भन्दा नरसिंह भगवान खम्बाबाट प्रकट भएको जुन घटना छ यसले पनि एकेश्वरवादी धारणालाई पुष्टि गर्दछ। यसबाट के प्रष्ट हुन्छ भने भगवान अथवा ईश्वर मन्दिरमा मात्र सिमित नभएर जुनसुकै ठाउँमा रहन सक्छन् र उनी एउटै हुन् भन्ने कुरा देखाइएको छ। प्रह्लाद नाटकमा एकेश्वरवाद न केवल प्रह्लादको विश्वास मार्फत व्यक्त भएको छ यो त भगवान नरसिंहको प्रकटरूप हिरण्यकश्यपको पराजय, धर्मको स्थापना मार्फत पनि प्रकट भएको पाइन्छ। वैदिक दृष्टिमा ईश्वर सर्वव्यापक छ, सर्वशक्तिमान छ र एउटै छ भन्ने कुराको पुष्टी यस घटनाबाट हुन्छ।

## ब्रह्मबोध र आत्मज्ञान

प्रह्लाद नाटकले आत्मज्ञान र ब्रह्मबोधको विचार पनि प्रकट गर्छ । आत्मालाई नाशरहित, अविनाशी मानिन्छ । प्रह्लादले बाल्यकालमै यो ज्ञान प्राप्त गरेका थिए । उनले शरीरभन्दा परको वास्तविकताको अनुभूति गरेका थिए । वैदिक दर्शनमा आत्मज्ञानले नै मोक्षको बाटो खुल्छ भन्ने मान्यता प्रह्लाद नाटकमा प्रतिविम्बित हुन्छ। प्रह्लादले पितालाई आत्माको अजर अमर र नाशरहित स्वरूप बुझाउने प्रयास गर्दछन्। यो प्रयास उपनिषद् र भगवत गीतामा वर्णित आत्मदर्शनसँग मेल खाने गर्छ। यसबाट ब्रह्म र आत्मज्ञानको आभास गराउँछ। जस्तै *यो शरीर नाश हुने हो तर आत्मा त नाश हुन सक्दैन* (प्रह्लाद नाटक) । उपनिषद्मा भनिएको *"अहं ब्रह्मास्मि" वा "तत्वमसि "* भन्ने बाक्यमा जुन आसय देखिन्छ ठीक त्यस्तै भाव प्रह्लादको आत्मबोधमा झल्किन्छ र यही कारण नाटक आत्मबोधमार्फत ब्रह्मज्ञानको सम्भावना देखाउने उत्कृष्ट कृति बन्न पुगेकोछ।

## भक्तिको दर्शन

वैदिक साहित्य र उपनिषद्मा भक्ति मार्गको प्रशंसा गरिएको छ। यद्यपि प्रारम्भिक वेदहरूमा यज्ञ र कर्मकाण्डलाई प्राथमिकता दिइएको देखिन्छ, पछिल्ला वैदिक कालका ग्रन्थहरूमा भक्ति भावनाको पनि उच्च महत्त्व पाइन्छ। प्रह्लाद नाटकमा भक्ति नै मुक्ति प्राप्तिको मार्ग हो भन्ने कुरा प्रमुख रूपमा देखिन्छ। प्रह्लादको एकनिष्ठ भक्ति नै यसको उदाहरणको माध्यम बनेको हो। नाटकले भावभक्तिको महिमा गाउँदै गर्दा भक्तको अस्तित्ववादी संकट र आध्यात्मिक समर्पण देखाउँछ। प्रह्लादको भक्ति कुनै लोभ वा डरमा आधारित नभएर निःस्वार्थ प्रेममा आधारित छ। प्रह्लादले गरेको हरिको भक्तिले वैदिक दर्शनको भक्तियोग मार्गको निकट पुर्याउँछ। *"एकं सत् विप्राः बहुधा वदन्ति"* (ऋग्वेद) प्रह्लादले सम्पूर्ण जीवनमा भक्ति मार्गको अनुसरण गर्छन् जुन वैदिक परम्परा अनुसार यो मोक्ष मार्ग हो। उदाहरणका रुपमा नाटको यो अंशलाई उधृत गर्न सकिन्छ : *मैले तपाइँको डर होइन, नारायणको प्रेमले मार्ग पाएको हुँ*।

## धार्मिक सन्देश

प्रह्लादको चरित्र धर्मको सर्वोच्च उदाहरण हो । पिताले दिएको अनीतिक आज्ञा नमानेर उनले धर्मको मार्ग समाते र विष्णुको भक्ति धर्मको रूपमा गरे। वैदिक धर्मअनुसार सत्यको पक्ष लिनु नै धर्म हो। प्रह्लादले यही सत्यको पक्ष लिएर धार्मिक दृष्टान्त प्रस्तुत गरेका छन्। नाटकमा धर्म केवल बाह्य आचरण मात्र होइन, आन्तरिक श्रद्धा र मूल्यमा पनि आधारित हुन्छ भन्ने भाव प्रकट भएकोछ। प्रह्लादको आचरणले वैदिक धर्मको स्वभाविक धर्म (स्वधर्म) को अवधारणा झल्काउँछ। प्रह्लादले भन्नु - '*भगवान त कण-कणमा छन्*' यो वेदान्त दर्शनको मूल मन्त्र हो । *'सर्वं खल्विदं ब्रह्म'* अर्थात् सबै वस्तु ब्रह्म हो भन्ने अवधारणा यसमा अभिव्यक्त छ। प्रह्लादले देखाएको श्रद्धा र विश्वास ब्रह्म साक्षात्कारको बाटो हो। उनको दृष्टिमा परम सत्य कुनै बाह्य सत्ता नभई अन्तरात्मामा बास गर्ने परम ब्रह्म हो । नाटकको समापन भागमा नरसिंह भगवानको अवतार र हिरण्यकशिपुको वध हुँदा सत्य र धर्मको विजय देखिन्छ यो वैदिक सिद्धान्त *सत्यमेव जयते* सँग सम्वन्धित छ। नाटकमा नरसिंहको संवादमा *धर्मको विनाशको निम्ति आउनेहरु आफै नष्ट हुन्छन्* भन्ने भनाईले पनि धर्म प्रति आकर्षित गराउँछ।

## कर्म र भाग्यको व्याख्या

वैदिक दर्शन अनुसार प्रत्येक जीवको जीवन उसले गरेका कर्महरूमा आधारित हुन्छ। प्रह्लाद नाटकमा यो सिद्धान्त स्पष्ट देख्न सकिन्छ। प्रह्लादले सत्कर्म गरेकाले उनलाई विष्णुले बचाए भने अर्कोतर्फ हिरण्यकश्यपुले पापकर्म गरेकाले उनको विनाश भयो। वैदिक दृष्टिकोणमा कर्मको परिणाम अपरिहार्य हुने देखिन्छ । यसलाई गीता र उपनिषद् दुबैले समर्थन गर्छन् । कर्म र नियतिले पात्रहरूको भविष्य निर्धारण गर्छ। नाटक अनुसार जीवनमा कर्मको फल तत्कालिन दीर्घकालीन दुबै प्रकारको हुन्छ।

प्रह्लाद नाटकमा कर्म (मानवको कर्तव्य वा कार्य) र भाग्य (पूर्वनिर्धारित नियति) को विषयवस्तुलाई गहिरो दार्शनिक दृष्टिकोणबाट प्रस्तुत गरिएको छ । विशेष गरी वैदिक दर्शनको आधारमा कर्मको प्रधानता र भाग्यको सीमित भूमिका देखाउने प्रयास गरेको छ ।

प्रह्लादले आफ्ना कार्यहरू धर्म अनुसार गर्नुपर्ने ठान्दछन् र उनी भगवान् विष्णुप्रति अटुट श्रद्धा राखेर सत्य मार्ग अपनाउँछन्, चाहे त्यसले जतिसुकै पीडा किन नल्याओस् । जुनकुरा उनले भनेको *"धर्मको बाटो सत्यको बाटो हो, म त्यही बाटो छोड्न सक्दिन । पिता हुँदाहुँदै अधर्ममा लाग्नु मेरो धर्म होइन ।"* (प्रह्लाद नाटक, दृश्य ४) संवादबाट प्रस्ट हुन्छ । यो संवादमा प्रह्लादले धर्म (कर्तव्य) लाई प्रमुख ठानेका छन्, जुन वैदिक दर्शनमा कर्मको मूल भाव हो । त्यस्तै नाटकमा भाग्यलाई भने पूर्ण रूपले अस्वीकार गरिएको छैन । यसले भाग्यभन्दा कर्मलाई उच्च स्थान दिएको छ । हिरण्यकश्यप जस्तो पात्रले भाग्यमा पूर्ण विश्वास राख्छ र ऊ सोच्दछ कि आँफु अमर छ, र आफ्नो इच्छा अनुसार संसार चलाउन सक्छ । तर अन्ततः उसले दण्ड भोग्नैपर्छ, जुन उसकै पापी कर्मको परिणाम हो । यसलाई उसैले भनेको *"मेरो वरदान छ, न दिनले मार्न सक्छ, न रातले, न मान्छेले, न जनावरले, म अमर छु ।"* (प्रह्लाद नाटक, दृश्य ६) अभिव्यक्तिबाट प्रस्ट हुन आउँछ । यसरी भाग्यको भरमा रहने हिरण्यकश्यपको अन्ततः नाश हुन्छ ।

प्रह्लाद नाटकले कर्मलाई नै मुख्य नियामक शक्तिका रूपमा चित्रण गरेकोछ । भाग्य वा वरदानहरू पनि तबसम्म मात्र प्रभावशाली हुन्छन् जबसम्म कर्म धर्मसंगत छ । अधर्मिक कर्मले भाग्यलाई समेत निष्फल बनाउँछ । यसरी वैदिक धारणा अनुसार नाटकको दृष्टिकोण यस्तो देखिन्छः । "कर्म गर्नुस्, फल त त्यसको स्वाभाविक परिणाम हो ।" नैतिक र धार्मिक मार्गमा अडिग रहनु नै सच्चा कर्म हो । भाग्य बदल्न सकिन्छ, तर कर्मको बाटो छोडेर होइन ।

### अहिंसा र सहिष्णुताको सन्देश

वैदिक दर्शनमा अहिंसा परम धर्म मानिएको छ । प्रह्लादले कहिल्यै हिंसाको मार्ग रोजेनन् । उनले आफ्ना पितासँग हिंसा नगरीकन सहिष्णुतापूर्वक आफ्नो पक्ष राखे । यसले वैदिक जीवनशैलीमा सहिष्णुताको अभ्यास कसरी गर्न सकिन्छ भन्ने कुरा देखाउँछ । हिंस्रक वातावरणमा समेत प्रह्लादको आत्मसंयम वैदिक शिक्षाको प्रतीक हो । उनले संयम र धैर्यद्वारा परिवर्तन ल्याउने प्रयास गरेका छन् ।

'प्रह्लाद नाटक' मा वैदिक मूल्यहरूलाई उजागर गर्ने क्रममा अहिंसा (हिंसाबाट टाढा रहनु) र सहिष्णुता (अरूको मत, विश्वास वा व्यवहारलाई सहन सक्ने क्षमता) लाई अत्यन्त महत्वपूर्ण रूपमा प्रस्तुत गरिएको छ । विशेषतः मुख्य पात्र प्रह्लादमार्फत यी मूल्यहरूको व्यवहारिक प्रदर्शन गरिएको छ ।

प्रह्लादले कहिल्यै पनि हिंसा गर्न चाहँदैनन् जबकि आफ्नै पिता हिरण्यकश्यपले उनलाई बारम्बार हत्या गर्न खोज्दा पनि उनी प्रतिशोधमा हिंसाको बाटो कहिल्यै अपनाउँदैनन् । उनी सधैं धर्म, क्षमा र सत्यको पक्षमा रहन्छन् । उदाहरणका लागि उनकै आत्मवाणीको संवादलाई लिन सकिन्छ *"पिताजीले मेरो प्राण लिन खोज्नु भयो भने पनि म उहाँको अशुभ चाहन्न । म त उहाँको कल्याणका लागि प्रार्थना गर्छु"* (प्रह्लाद नाटक, दृश्य ५) । यो संवादले प्रह्लादको अहिंसात्मक प्रवृत्तिलाई स्पष्ट गर्छ । उनले आफ्नो ज्यानको खतरा हुँदाहुँदै पनि आक्रोश या बदला लिने भावना राख्दैनन् । त्यसैगरी प्रह्लादले आफ्नो धार्मिक विश्वासलाई मजबुत रूपमा अँगालेका छन् तर उनले अरूको विश्वासलाई जबरजस्ती परिवर्तन गर्न खोज्दैनन् । पिता हिरण्यकश्यप बारम्बार उनलाई विष्णुभक्ति छोड्न दबाब दिन्छन्, तर उनले सहिष्णु ढंगले आफ्ना विचार राख्ने प्रयास गर्छन् । जस्तो कि उनीद्वारा भनिएको *"हे पिताजी, तपाईंका मत तपाईंका हुन्, मेरा विश्वास मेरा हुन् । मैले तपाईंलाई बदल्न चाहेको छैन, तर म आफैंलाई पनि परिवर्तन गर्न सक्दिन ।"* (प्रह्लाद नाटक, दृश्य ३) । संवादले प्रह्लादको धार्मिक सहिष्णुता देखाउँछ । उनी आफैं विश्वासमा अटल छन् तर अर्कालाई आफ्नो मत थोपर्दैनन् । यसरी प्रस्तुत नाटकमा अहिंसा र सहिष्णुता नाटकीय रूपमा मात्र होइन, नैतिक सन्देशका रूपमा पनि व्यक्त गरिएको छ

### चरित्र निर्माणमा वैदिक आदर्श

प्रह्लाद स्वयं वैदिक आदर्शहरूको जीवित प्रतिमा हुन् । उनले आफ्नो पिताको क्रूर अत्याचारको सामना गर्दा पनि धर्म र सत्यको मार्ग नछोड्नुले *"धर्म एव हतो हन्ति, धर्मो रक्षति रक्षितः"* (मनुस्मृति) लाई प्रमाणित गर्छ । चरित्र निर्माणको प्रक्रिया वैदिक दर्शन अनुसार प्रस्तुत गरिएको छ, जहाँ नायक प्रह्लादको व्यक्तित्वमा सत्य, धर्म, अहिंसा, भक्ति, सहिष्णुता, र कर्तव्यनिष्ठा जस्ता वैदिक गुणहरू स्पष्ट देखिन्छन् । नाटकको मूल सन्देश भनेकै धर्ममा अडिग रहनु र सत चरित्र निर्माण गर्नु हो । वैदिक आदर्श अनुसार चरित्रवान् व्यक्ति सधैं सत्य र धर्मको मार्गमा अडिग रहन्छ । प्रह्लादले आफ्नो ज्यानको खतरा हुँदाहुँदै पनि असत्य र अधर्मको समर्थन गर्दैनन् । उनीद्वारा हिरण्यकश्यपसँग भएको संवादले यस कुराको पुष्टि गर्दछ । *"मेरा*

ISSN: 2961-1989
JOL
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

*लागि सत्य परम धर्म हो। सत्यको बाटो कठिन भए पनि म त्यसैमा हिँड्न रुचाउँछु ।"* (प्रह्लाद नाटक, दृश्य ४) ।यो संवादमा उनले वैदिक सत्यधर्ममा अटल रहने व्यक्तित्व प्रस्तुत गरेका छन् । चरित्र निर्माणको अर्को महत्वपूर्ण पक्ष सहिष्णुता र क्षमाशीलता पनि हो । प्रह्लादले आफ्नो शत्रुप्रति पनि दया राख्दछन्, जुन महाभारत र उपनिषद् आदिका आदर्शहरूबाट प्रभावित छ । उनको यो संवाद राम्रो उदाहरण छ । *"पिता हुनुहुन्छ, तैपनि हिंसा गर्नुहुन्छ । म त शान्तिको पुजारी हुँ, म त मृत्यु साटेर पनि क्षमा दिन सक्छु ।"* (प्रह्लाद नाटक, दृश्य ५) । यो संवादले वैदिक आदर्श 'अहिंसा परमो धर्मः' लाई प्रकट गर्दछ ।

**गुरु-शिष्य परम्परा**

वैदिक परम्परामा गुरु-शिष्य सम्बन्ध अत्यन्त पवित्र मानिन्छ । प्रह्लादलाई असुरगुरु शुक्राचार्यका सन्तानहरूले असुर शिक्षा दिए तापनि उनले सत्यज्ञानको ग्रहण स्वतस्फूर्त रूपमा गरे । यसले आत्मसाक्षात्कार र वैदिक अध्ययनको महत्त्वलाई देखाउँछ । ज्ञान लिने अधिकार केवल बाह्य गुरुमा नभई, आन्तरिक गुरु अर्थात् विवेकमा पनि आधारित हुन्छ भन्ने कुरालाई देखाउँछ । प्रह्लाद नाटकमा गुरु-शिष्य परम्परा हिन्दू धार्मिक एवं वैदिक परम्पराको एक महत्वपूर्ण पक्ष हो । यस परम्परामा ज्ञान गुरुबाट शिष्यमा हस्तान्तरण हुने परम्परागत प्रणाली देखिन्छ । 'प्रह्लाद नाटक' मा पनि यो परम्परा स्पष्ट रूपमा देखिन्छ, विशेषतः प्रह्लाद र उनका गुरुहरू (शुकाचार्यका पुत्र शण्ड र अमरक) को संवादमा यो कुरा स्पष्ट हुन आउछ ।

नाटक अनुसार प्रह्लादलाई असुर गुरुहरूले राक्षसी धर्म र विष्णु द्वेषको शिक्षा दिन खोज्छन्, तर उनी बाल्यकालदेखि नै विष्णुभक्त भएका कारण उनीहरूले सिकाएको असत्य, अधर्म र क्रोधमा आधारित शिक्षालाई अस्वीकार गर्छन् । यसले वैदिक शिक्षाको सत्य, श्रद्धा र आत्मबोधमुखी स्वरूपलाई प्रह्लादमार्फत उजागर गर्छ । जुन कुरालाई तलका संवादले उजागर गर्दछ

शण्ड : *"हे प्रह्लाद ! तिमी असुर वंशकाहो । तिमीले हाम्रा पिता शुकाचार्यबाट राक्षस धर्म सिक्नुपर्छ । हरिहरको नाम लिने होइन ।"*

प्रह्लाद : *"गुरुजन ! मैले जहिले पनि यो बुझें कि सबै प्राणीहरूको आत्मा एउटै परमात्मासँग सम्बन्धित छ । म त आत्मज्ञान र भक्ति मार्गमा लाग्न चाहन्छु ।"*

*"हे गुरुजन ! शरीरको सम्बन्धले म असुर कुलमा जन्मेको हुन सक्छु, तर आत्माको कुनै जात हुँदैन । आत्मा नित्य छ, शुद्ध छ, र त्यो केवल नारायणमा लीन हुन खोज्छ ।"*

अमरक : *"यो त मूर्खता हो ! तिमी पिताजी हिरण्यकशिपुको आज्ञा उल्लङ्घन गर्दैछौ ।"*

प्रह्लाद : *"म पिता-गुरुको आज्ञाको पालन अवश्य गर्छु, तर यदि त्यो आज्ञा धर्मविरुद्ध भयो भने, सत्य मार्ग छोड्न सक्दिन । भगवान् नारायण नै सच्चा मार्गदर्शक हुनुहुन्छ ।"* (प्रह्लाद नाटक) ।

यस संवादबाट के देखिन्छ भने प्रह्लाद एक आदर्श शिष्य हुन् जसले केवल बाह्य गुरु होइन, आन्तरिक विवेक-गुरु ( ब्रह्मविद्या) को पनि पालन गर्छन् । उनले असुर गुरूहरूले सिकाउने वैरभाव, हिंसा र अधर्मका शिक्षालाई अस्वीकार गरी विष्णु भक्ति, सत्य र प्रेमको मार्ग अंगाल्छन् । यही नै वैदिक दर्शनको मूल उद्देश्य हो । प्रस्तुत द्वन्द्वमार्फत नाटकले के दर्शाउँछ भने साँचो गुरु त्यो हो जो शिष्यलाई धर्म, सत्य र परमात्मासम्म पुऱ्याउँछ । यही दृष्टिकोण वैदिक परम्पराको मर्म हो । यस नाटकमा भने एकातिर बाह्य गुरुहरू छन् (शण्ड-अमरक), जसले असुर धर्म सिकाउँछन् । अर्कोतिर आध्यात्मिक गुरु छन् ( नारद), जसले आत्मज्ञान र विष्णुभक्ति दिन्छन् । यस्तो द्वैत भूमिका यस नाटकमा पाइन्छ ।

## निष्कर्ष

प्रह्लाद नाटक केवल एक धार्मिक नाटक मात्र नभएर वैदिक दर्शनका प्रमुख तत्वहरूको जीवन्त प्रस्तुति हो । यसले धर्म, कर्म, भक्ति, आत्मज्ञान, मोक्षजस्ता तत्वहरूलाई प्रभावशाली ढंगले प्रस्तुत गरेको छ । विशेषतः बालक प्रह्लादको माध्यमबाट वैदिक शिक्षालाई जनमानसमा प्रभावकारी ढंगले प्रवाह गरिएको छ ।

नाटकको नाट्यशिल्प, संवाद, र चरित्र चित्रणले यसलाई वैदिक अध्ययनको एक गहन स्रोत बनाएको छ । यसले नाटकको माध्यमबाट आध्यात्मिक चेतना फैलाउने कार्य मात्र गरेको छैन, समाजलाई नैतिकताको मार्गमा अग्रसर गराउने प्रेरणा पनि दिएको छ । यसले वैदिक मूल्यहरूको संरक्षण, प्रचार र सन्देश दिन महत्वपूर्ण भूमिका खेलेको छ । समग्रमा, प्रह्लाद नाटक वैदिक दर्शनको प्रतिनिधि कृति हो, जसले आजको समाजमा पनि नैतिकता, धर्मनिष्ठा र आध्यात्मिक चेतनाको मार्ग देखाउने कार्य गर्दछ ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 5 Issue: 1 Year: 2026

## सन्दर्भसूची

उप्रेती, गंगाप्रसाद, (सम्पादक) (२०७९) *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
गीताप्रेस, (१९२३), *श्रीमद्भगवद्गीता,* गीताप्रेस गोरखपुर ।
दासगुप्ता, एस. एन. (१९२२) *भारतीय दर्शनको इतिहास* ।
राधाकृष्णन, एस. (१९४८), *भारतीय दर्शन* (खण्ड १, २), अक्सफोर्ड विश्वविद्यालय प्रेस ।
राधाकृष्णन, एस., तथा मूर, सी. ए. (सम्पादकहरू), (१९५७) *भारतीय दर्शनमा एक स्रोतपुस्तक,* प्रिन्सटन, विश्वविद्यालय प्रेस ।
शर्मा, सी. (१९९९) *भारतीय दर्शनको आलोचनात्मक सर्वेक्षण,* मोतिलाल बनारसीदास ।
सम, बालकृष्ण, (२०४७), *प्रह्लाद* (नवौं संस्करण)।, साझा प्रकाशन ।
हरियान्ना, एम. (१९४९) *भारतीय दर्शनको रुपरेखा,* जर्ज एलेन एण्ड अनविन लिमिटेड ।
Radhakrishnan, S. (1923). *Indian philosophy* (Vol. 1). Oxford University Press.
Radhakrishnan, S. (1953). *The principal Upanishads*. Allen & Unwin.
Sharma, C. (2000). *A critical survey of Indian philosophy*. Motilal Banarsidass.
Vivekananda, S. (1958). *The complete works of Swami Vivekananda* (Vol. 1). Advaita Ashrama.
Woodroffe, J. G. (1924). *The serpent power: Being the Ṣaṭcakra-nirūpaṇa and Pādukā-pañcaka, two works on Laya-yoga*. Ganesh & Co.